नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

२ कात्तिक २०७६

# विशेष परिपत्र – ५

**प्रिय कमरेडहरू,**

निर्वाचन आयोगबाट प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय तहका रिक्त स्थानहरूका लागि आगामी २०७६ मङ्सिर १४ गते उपनिर्वाचनको मिति र निर्वाचन कार्यक्रम घोषणा भइसकेको छ । तदनुसार उपनिर्वाचन प्रयोजनको लागि प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य पदका उम्मेद्‌वारहरूले २०७६ कात्तिक २१ गते र स्थानीय तहका पदाधिकारी तथा सदस्य पदका उम्मेद्‌वारहरूले २०७६ कात्तिक २७ गते मनोनयन-पत्र दर्ता गर्नुपर्नेछ ।

उक्त निर्वाचन कार्यक्रमलाई दृष्टिगत गरी यही २०७६ असोज २९ गते सम्पन्न केन्द्रीय सचिवालयको ३९औं बैठकले उपनिर्वाचनको तयारी सम्बन्धमा गरेको निर्णय जानकारी एवं कार्यान्वयनका लागि यो विशेष परिपत्र - ५ जारी गरिएको छ ।

(क) **प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहका लागि उम्मेद्‌वार चयन निम्नानुसार गर्ने :**

- **प्रतिनिधिसभा सदस्य पदको उम्मेद्‌वारका सम्बन्धमा** – प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, जिल्ला कमिटी र प्रदेश कमिटीको सिफारिसका आधारमा केन्द्रीय कमिटीले निर्णय गर्ने । प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुन बाँकी भएमा जिल्ला कमिटी र प्रदेश कमिटीले सिफारिस गर्ने ।

- **प्रदेशसभा सदस्य पदको उम्मेद्‌वारका सम्बन्धमा** – प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, जिल्ला कमिटी र प्रदेश कमिटीको सिफारिसका आधारमा केन्द्रीय कमिटीले निर्णय गर्ने । प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी गठन हुन बाँकी भएमा जिल्ला कमिटी र प्रदेश कमिटीले सिफारिस गर्ने ।

- **उपमहानगरपालिका प्रमुख पदको उम्मेद्‌वारका सम्बन्धमा** – उपमहानगर कमिटी, जिल्ला कमिटी र प्रदेश कमिटीको सिफारिसका आधारमा केन्द्रीय कमिटीले निर्णय गर्ने ।

- **गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदको उम्मेद्‌वारका सम्बन्धमा** – गाउँ कमिटी र जिल्ला कमिटीको सिफारिसका आधारमा प्रदेश कमिटीले निर्णय गर्ने ।

- **महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरूका वडा अध्यक्ष तथा वडा सदस्य पदको उम्मेद्‌वारका सम्बन्धमा** – सम्बन्धित वडा कमिटी र महानगर कमिटी/उपमहानगर कमिटी/नगर कमिटी/गाउँ कमिटीको सिफारिसका आधारमा जिल्ला कमिटीले निर्णय गर्ने ।

- **सिफारिसको अधिकतम् संख्या** – सिफारिसकर्ता कमिटीले प्राथमिकताका आधारमा एक स्थानका लागि कम्तिमा एक महिला सहित बढीमा तीनजनाको नाम सिफारिस गर्ने ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

- **सचिवालय वा कार्यालयले निर्णय गर्न सक्ने** – सम्बन्धित कमिटीको बैठक बस्न सम्भव नभएमा सचिवालय वा कार्यालयले उम्मेद्‌वारका सम्बन्धमा सिफारिस वा निर्णय गर्न सक्नेछन्। तर यस्तो निर्णय कमिटीको पूर्ण बैठकमा अनुमोदनका लागि प्रस्तुत गर्नुपर्नेछ।
- **उम्मेद्‌वारका सम्बन्धमा सिफारिस तथा निर्णयका लागि निम्नानुसार समयसिमा निर्धारण गरिएको छ** – सम्बन्धित कमिटीले प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य पदका लागि २०७६ कात्तिक १० गतेभित्र सिफारिस गर्ने र कात्तिक १५ गतेभित्र निर्णय गर्ने। त्यसैगरी उपमहानगरपालिका प्रमुख, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका तथा गाउँपालिकाहरूका वडा अध्यक्ष तथा वडा सदस्य पदका लागि २०७६ कात्तिक १५ भित्र सिफारिस गर्ने र कात्तिक २० गतेभित्र निर्णय गर्ने।

(ख) **प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनका सम्बन्धमा निम्नानुसार तयारी गर्ने :**

सम्बन्धित प्रदेश कमिटी, जिल्ला कमिटी, प्रतिनिधिसभा निर्वाचन क्षेत्र समन्वय कमिटी, प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटी र महानगर कमिटी, उपमहानगर कमिटी, नगर कमिटी, गाउँ कमिटीहरूले आ-आफ्नो कार्यक्षेत्र अन्तर्गतका उपनिर्वाचनको तयारी कार्य प्रभावकारी रुपमा अघि बढाउने। यस प्रयोजनका लागि मतदाता नामावली अद्यावधिक गर्ने। निर्वाचन परिचालन कमिटी, प्रचार कमिटी, स्वयम्‌सेवक परिचालन कमिटी, स्रोत व्यवस्थापन कमिटीलगायत आवश्यक संरचनाहरू निर्माण गर्ने। प्रचारका बिषय एकीन गर्ने र प्रचार सामाग्रीलगायत निर्वाचनसँग सम्बन्धित समग्र तयारी गर्ने।

कमरेडहरू, हाम्रो काँधमा हिजो विजयी बनेका स्थानहरूमा पार्टीलाई पुनः विजयी बनाउने र नयाँ ठाउँहरूमा पनि पार्टीको जीत सुनुश्चितता गर्दै पार्टीप्रतिको बढ्दो जनआकर्षणलाई पुष्टि गर्ने चुनौतीपूर्ण जिम्मेवारी आएको छ। हामीले यो चुनौतीको सामना गर्नैपर्छ। तदनुरुप उपनिर्वाचनको तयारीमा जुट्न र समर्थक शुभेच्छुकहरुलाई समेत परिचालित गर्न सम्बन्धित पार्टी कमिटी, कार्यकर्ता, जनप्रतिनिधि र सदस्यहरूलाई निर्देशित गरिएको छ।

हार्दिक क्रान्तिकारी अभिवादन सहित,

**पुष्पकमल दहाल 'प्रचण्ड'**
**अध्यक्ष**

**केपी शर्मा ओली**
**अध्यक्ष**

• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np